# 11 फेब्रुअरी 2006 वा सोपश्चात मृत्यु हुने व्यक्तिको बैंक जम्मा बाकसबाट सामग्रीहरु हटाउन वा निरीक्षण गर्न कसरी आवेदन दिने




गृह मामिला विभाग

अप्रिल 1, 2007 बाट लागु हुने सूचना

# 11 फेब्रुअरी 2006 वा सोपश्चात मृत्यु हुने व्यक्तिको बैंक जम्मा बाकसबाट सामग्रीहरु हटाउन वा निरीक्षण गर्न कसरी आवेदन दिने

## परिचय

11 फेब्रुअरी 2006 वा सोपश्चात मृत्यु हुने व्यक्तिद्वारा भाडामा लिईएको सुरक्षित जम्मा बाकसबाट सामग्री हटाउन वा निरीक्षण गर्न राजस्व (एबोलिसन अफ इस्टेट ड्यूटी) अध्यादेश 2005 ले स्वीकृति दिने व्यवस्था गर्दछ। गृह मामिला निर्देशकद्वारा अधिकार प्रत्यायोजित गरिएका अधिकारीअन्तर्गत गृह मामिला निर्देशकले निरीक्षण प्रयोजनको लागि "बैंक जम्मा बाकसको निरीक्षणको लागि आवश्यक प्रमाणपत्र" (निरीक्षणको लागि प्रमाणपत्र) र विशेष वस्तु (हरू) हटाउनका लागि "बैंक जम्मा बाकस हटाउने अधिकार" दिन सक्नेछन्" (हटाउनेअधिकार ) । हङ्कङ कानूनको इच्छापत्र तथा व्यवस्था अध्यादेशको 60 C देखि 601 खण्डहरु, अध्याय 10 सान्दर्भिक छन् ।

प्रश्नमा रहेका सुरक्षित जम्मा बाकस देहायबमोजिम भाडामा लिन सकिन्छ -

(a) मृतक व्यक्तिको एकल नाममा,

(b) अन्य व्यक्ति (हरू) सँग संयुक्तरूपमा र लीज सम्झौताले "उत्तरजीवि व्यवस्था" प्रदान गर्ने ठाउँमा जस्तै भाडामा लिने कुनै व्यक्तिका बाकसका सामग्रीहरूको पहुँच अर्को कुनै व्यक्तिको मृत्युले प्रभावित हुँदैन, जस्तै- संयुक्त भाडावालामध्ये कुनै एकको मृत्यु भएमा सम्झौता अनुसारको अधिकार वा इच्छा भएको जीवित भाडावालहरुलाई बैंकले पहिचान गर्नेछ भनेर सम्झौतामा बताईएको छ, वा

(c) अन्य व्यक्ति (हरू) सँग संयुक्तरूपमा र जहाँ लीज सम्झौता "उत्तर्जिवी व्यवस्था" दिंदैन ।

## बैंक जम्मा बाकसको निरीक्षण

### *निरीक्षणका लागि प्रमाणपत्रको लागि आवेदन*

मृत व्यक्तिको सुरक्षित जम्मा बाकसको निरीक्षणका लागि निवेदन फारम HAEU3 मा गर्नुपर्छ । देहायका व्यक्तिदले आवेदन दिन सक्छन् -

(a) मृतकको कार्यवाहक प्रतिनिधी,

(b) सम्पति सम्हाल्न प्राथमिकतासहितका हकदार व्यक्ति, वा

(c) यदि मृतकले अन्य व्यक्ति (हरू) सँग संयुक्तरूपमा सुरक्षित जम्मा बाकस भाडामा लिएको भए जीवित भाडावाल ।

आवेदकसँग सुरक्षित जम्मा बाकसको साँचो हुनुपर्दछ ।

## *सहायक कागजातहरू*

सुरक्षित जम्मा बाकसको निरीक्षणका लागि निम्न कागजातहरूआवश्यक पर्दछन् -

(a) मृतकको परिचयपत्र / राहदानी,

(b) मृतकको मृत्यु दर्ता प्रमाणपत्र,

(c) आवेदकको परिचयपत्र / राहदानी,

(d) यदि आवेदक कार्यवाहक प्रतिनिधीको रुपमा भए मृतकको अन्तिम इच्छापत्र ,

(e) यदि आवेदक मृतकको कार्यवाहक होईन भने विवाह वा जन्म दर्ता प्रमाणपत्र जस्ता मृतक र आवेदकबीचको सम्बन्ध खुलाउने कुनै कागजात (हरू),

(f) लागु हुने भएमा सम्पति सम्हाल्न उच्च प्राथमिकतासहित कानूनी अधिकार दिईएको व्यक्ति (हरू) द्वारा हस्ताक्षर गरिएको त्याग पत्र (हरू),

(g) लागु हुने भएमा सम्पतिको प्रबन्ध गर्न उच्च प्राथमिकतामा कानूनी अधिकार दिईएको व्यक्ति (हरू)को मृत्यु प्रमाणपत्र (हरू),

(h) लागु हुने भएमा कार्यवाहककर्ता (हरू) वा सम्पतिको प्रबन्ध गर्न उच्च प्राथमिकतामा कानूनी अधिकार दिईएको व्यक्ति (हरू) को आधिकारिकता पत्र (हरू) (यदि आधिकारिकता पत्र कानूनी फर्मद्वारा तयारी नगरिएको भए नजिकैको आफन्तको उपस्थितिमा हस्ताक्षर गरिएको),

(i) लागु हुने भएमा (f) वा (g) वा (h) अन्तर्गत नाम रहेका व्यक्ति (हरु) र मृत व्यक्तिको सम्बन्ध प्रष्ट्याउने कुनै कागजात (हरू), र

(j) सुरक्षित जम्मा बाकस रहेको प्रमाण खुलाउने कुनै कागजात (हरू), जस्तै बाकसको लीज सम्झौता ।

कृपया तलको ***विशेष परिस्थितिहरुमा सुरक्षित जम्मा बाकसको निरीक्षण*** *खण्ड हेर्नुहोस जसले यी परिस्थितिहरुमा आवश्यक थप प्रमाणहरु प्रस्तुत गर्दछ ।*

## *निरीक्षणको लागि अपोइन्टमेन्ट*

निरीक्षणको लागि प्रमाणपत्र जारी गर्दा यस प्रमाणपत्र बाहकले निरीक्षणका लागि गृह मामिला विभागको सम्पति लाभार्थी सहायता एकाईसँग अपोइन्टमेन्ट लिनु पर्दछ । सम्पति लाभार्थी सहायता एकाईका अधिकारीहरू उक्त निरीक्षण प्रक्रियामा भाग लिने छन् ।

## *निरीक्षण प्रक्रिया*

बैंकले निरीक्षणको लागि प्रमाण-पत्र बाहकको परिचय प्रमाण माग्नेछ र एक जना बैंक कर्मचारी निरीक्षण प्रक्रियामा उपस्थित हुनेछन् । यदि प्रश्नमा रहेको सुरक्षित जम्मा बाकस संयुक्तरूपमा भाडामा लिइएको हो भने निरीक्षणको अवस्थामा निरीक्षण प्रमाणपत्रको लागि सामान्यता कार्यवाहक प्रतिनिधी वा सम्पतिको प्रबन्ध गर्न उच्च प्राथमिकतामा कानूनी अधिकार दिईएको व्यक्ति वा जीवित भाडावाल जस्ता अन्य पक्षको उपस्थिति आवश्यक पर्नेछ ।

विशेष अपवादको अवस्थामा इच्छापत्र वा उस्तै सामग्री बाहेक निरीक्षणमा कुनै कागजात वा लेख सुरक्षित जम्मा बाकसबाट हटाउनु हुँदैन ।

## *इच्छापत्र हटाउन*

यदि निरीक्षणको क्रममा सुरक्षित जम्मा बाकसमा कुनै इच्छापत्र वा उस्तै कुनै सामग्री फेला परेमा र प्रमाणपत्र बाहक कार्यवाहक वा यसमा नाम लेखिएको कार्यवाहक भएमा बैंकले बाहकलाई उक्त इच्छापत्र वा सामग्रीको एक प्रति बाकसमा राखेर हटाउने अनुमति प्रदान गर्नेछ । अन्य अवस्थाहरूमा बैंकले इच्छापत्र वा उपकरणको प्रतिलिपि बनाई मूललाई बाकसमा फिर्ता राख्छ र प्रतिलिपि उपस्थित सार्वजनिक अधिकारीहरूलाई दिन्छ । कानूनअनुसार गृह मामिला सचिवले इच्छापत्र वा उस्तै साधनको प्रतिलिपि 6 बर्षसम्म राख्नुपर्ने व्यवस्था गरेको छ ।

## *सूचीको तयारी*

जहाँ :

(a) सुरक्षित डिपोजिट बाकसमा कुनै ईच्छापत्र वा उस्तै उपकरण फेला पर्दैन,

(b) सुरक्षित जम्मा बाकसमा कुनै एक इच्छापत्र वा उस्तै सामग्री फेला पर्दछ र त्यसमा प्रमाणपत्र बाहक त्यसमा नाम उल्लेख गरिएको कार्यवाहक हो, वा

(c) संयुक्तरुपमा भाडामा लिईएको जम्मा बाकस भएको खण्डमा प्रमाणपत्र बाहक जीवित भाडावाला हो,

निरीक्षणको लागि प्रमाणपत्र बाहकले बैंक कर्मचारी, सार्वजनिक अधिकारीहरुको उपस्थितिमा सुरक्षित जम्मा बाकसका सामग्रीहरुको लगत तयार गर्नुपर्दछ, यदि संयुक्तरुपमा भाडामा लिईएको जम्मा बाकस भएको खण्डमा जीवित भाडावाला वा कार्यवाहक / सम्पति सम्हाल्न उच्च प्राथमिकतासहित कानूनी अधिकार दिईएको व्यक्ति जस्ता अन्य पक्षको उपस्थितिमा लगत तयार गर्नुपर्दछ । सार्वजनिक अधिकारीहरूले *सूचीको तयारीमा आवश्यक परेमा* सहयोग गर्न सक्छन् । प्रमाणपत्र बाहक र सार्वजनिक अधिकारीहरूले मुख्य प्रतिमा हस्ताक्षर गरेर सूचीको सत्यता र सही भएको प्रमाणित गर्नुपर्नेछ ।

सूचीको मुख्य प्रतिलिपि प्रमाणपत्र बाहकले राख्नेछ । उपस्थित अन्य पक्षहरुलाई यसको एक प्रति प्रदान गरिनेछ । कानूनअनुसार बैंक र गृह मामिला सचिवले उक्त सूचिको प्रति 6 बर्षसम्म राख्नुपर्ने प्रावधान छ ।

## *विशेष अवस्थाहरूमा सुरक्षित जम्मा बाकसको निरीक्षण*

यदि इच्छापत्र वा उस्तै कुनै सामग्री सुरक्षित जम्मा बाकसमा फेला पर्यो तर त्यो -

(a) इच्छापत्र वा सामग्री मान्य छैन,

(b) इच्छापत्र वा सामग्रीमा कुनै कार्यवाहकको नाम उल्लेख छैन, वा

(c) इच्छापत्र वा सामग्रीमा नाम उल्लेख गरिएका कार्यवाहक वा सबै कार्यवाहकहरु (ले_ -

(i) पत्ता लाग्न सकेनन्,

(ii) कार्यवाहकको रूपमा कार्य गर्न अस्वीकार गरे,

(iii) मृत्यु भईसकेको छ, वा

(iv) कार्यवाहकको रुपमा काम गर्न असक्षम छन् ,

सम्पतिको प्रबन्ध गर्न अधिकार प्राप्त गरेको व्यक्तिले निरीक्षण प्रमाणपत्रको लागि आवेदन दिन सक्छ । उसले /

उनले आवेदनका साथ पर्याप्त प्रमाणहरु जुटाउनु पर्दछ र सम्बद्ध पक्षहरु निरीक्षण प्रमाणपत्रमा उल्लेख गरिनेछन् ।

## बैंक जम्मा बाकसबाट सामग्रीहरु हटाउन

मृतकको सुरक्षित जम्मा बाकसबाट विशेष कागजातहरू (इच्छापत्र वा उस्तै सामग्री लगायत) वा लेखहरू हटाउने अधिकार बाकसको सामग्रीहरूको सूची तयार भएपछि मात्र जारी गरिनेछ । कानूनत: सुरक्षित जम्मा बाकसबाट निम्न अवस्थामा कागजात हटाउन पनि सकिन्छ -

(a) यदि कागजात सारांश प्रशासनको लागि आवेदन सम्बद्ध भएमा, प्रतिनिधीको आदेश वा विदेशी अनुसानको लागि भएमा, वा

(b) (i) कागजात मृतक भन्दा अन्य व्यक्तिको स्वामित्वमा रहेको पाईएमा,

(ii) कागजात तत्कालाई उक्त व्यक्तिलाई आवश्यक परेमा र

(iii) कागजात हटाउनाले मृतकको सम्पत्तिमा कुनै पनि व्यक्तिको वैध चासोलाई पूर्वाग्रह गर्ने छैन ।

आवेदक विशेष परिस्थितिको उत्तरजीवि व्यवस्था अन्तर्गत सुरक्षित जम्मा बाकसमा संयुक्त रुपमा रहेको जीवित भाडावाला भएको अवस्था बाहेक मौद्रिक मूल्यका कागजात तथा सामग्रीहरु सुरक्षित जम्मा बाकसबाट हटाउने अनुमति छैन ।

## *हटाउने अधिकारका लागि आवेदन*

निम्न व्यक्तिहरुले सुरक्षित जम्मा बाकसबाट सामग्रीहरु हटाउने अधिकारका लागि आवेदन दिन सक्छन् –

(a) मृतकको कार्यवाहक प्रतिनिधी,

(b) सम्पति सम्हाल्न प्राथमिकतासहितका हकदार व्यक्ति, वा

(c) सुरक्षित जम्मा बाकस मृतकसँग संयुक्त रुपमा भाडामा लिएको भए जीवित भाडावालले ।

## *उत्तरजीवि व्यवस्थाका साथ संयुक्तरुपमा भाडामा लिईएको सुरक्षित जम्मा बाकस*

भाडामा लिइएको सुरक्षित जम्मा बाकसको लीज सम्झौताले बचेको प्रबन्धको लागि प्रदान गर्ने ठाउँमा जीवित भाडावालाले सुरक्षित जम्मा बाकस कागजातहरू र उनलाई सम्बन्धित उनको लेखहरू हटाउनको लागि प्राधिकरणको लागि आवेदन दिन सक्छ। आवेदन फारम HAEU4A मा भर्नुपर्दछ र जीवित भाडावालले सामग्री हटाउन कार्यवाहक / सम्पत्ति सम्हाल्न अधिकार प्राप्त व्यक्तिको लिखित अनुमति लिनु पर्दछ, साथै हटाउने प्रक्रियामा उनीहरूको उपस्थिति आवश्यक पर्दछ ।

यदि कानूनी प्रावधान बमोजिम उक्त सुरक्षित जम्मा बाकसका सामग्रीहरूको सूची तयार भएको छ भने मृतकको मृत्यु भएको 12 दिनपछि जीवित भाडावालले सुरक्षित जम्मा बाकसको पहुँचमा आफ्नो अधिकार प्रयोग गर्न सक्छन् । सामग्रीहरु हटाउने अधिकारको लागि आवेदन दिन आवश्यक छैन । यद्यपि बैंकले उक्त मृतकको मृत्यु भएको 12 महिना भएको पर्याप्त प्रमाण माग्नेछ ।

माथि रहेको **बैक जम्मा बाकसबाट सामग्रीहरु हटाउन** भन्ने शिर्षक अन्तर्गत राखिएका आवश्यकताहरू पुरा गर्ने सुरक्षित जम्मा बाकसबाट कागजात(हरू) हटाउने अन्य आवेदनहरू HAEU4B फारममा भर्नु पर्दछ ।

यदि मृतकले अरु व्यक्तिहरूसँग संयुक्तरुपमा सुरक्षित जम्मा बाकस भाडामा लिएको भएमा आवेदनका लागि अन्य पक्ष (जस्तैः जीवित भाडावाल(हरु) को लिखित सहमति आवश्यक पर्दछ जहाँ आवेदक मृतकको सम्पति सम्हाल्ने कार्यवाहक / अधिकारप्राप्त व्यक्ति हो वा यदि आवेदक जीवित भाडावाल भएमा कार्यवाहक / अधिकारप्राप्त व्यक्ति हो ।)

### *सहायक कागजातहरू*

सुरक्षित जम्मा बाकसबाट सामग्रीहरु हटाउने आवेदनका लागि निम्न कागजातहरू आवश्यक पर्दछन् –

(a) आवेदकको परिचयपत्र / राहदानी,

(b) बैंक जम्मा बाकसको सूची;

(c) यदि आवेदक मृतक व्यक्तिको कार्यवाहक भएमा मृतकको अन्तिम इच्छापत्र र उक्त इच्छापत्रको प्रति प्रदान गरिएको छैन भने,

(e) यदि आवेदक मृतक व्यक्तिको कार्यवाहक प्रतिनिधी नभएमा र त्यस्ता कागजातहरू नदिईएको भए विवाह वा जन्म दर्ता प्रमाणपत्र जस्ता मृतक र आवेदकबीचको सम्बन्ध प्रष्ट्याउने कुनै पनि कागजात (हरू),

(e) लागु भएमा र प्रदान नदिईएको भए सम्पति सम्हाल्न उच्च प्राथमिकतासहित कानूनी अधिकार दिईएको व्यक्ति (हरू) द्वारा हस्ताक्षर गरिएको त्याग पत्र (हरू),

लागु हुने भएमा र नदिईएको भए सम्पतिको प्रबन्ध गर्न उच्च प्राथमिकतामा कानूनी अधिकार दिईएको व्यक्ति (हरू) को मृत्यु प्रमाणपत्र (हरू),

लागु भएमा र HAEU4A आवेदन फारमको सम्बन्धमा (e) र (f) मा नाम उल्लेख भएका व्यक्ति (हरू) र मृतकको बीचमा सम्बन्ध प्रमाणित गर्ने कुनै कागजातहरू :

(h) हटाइने कागजात र / वा सामग्रीहरुमा जीवित भाडावालको स्वामित्व प्रमाणित गर्ने कागजात (हरु) ।

### *शपथपत्र*

सम्पति लाभार्थी सहायता एकाइले हटाउने अधिकारकोआवेदन जाँच गरिसकेपछि यसले आवेदकलाई आवेदनमा उल्लेख गरिएका तथ्यहरूको सत्यताको लागि सत्यताको शपथ लिन / सहमत जनाउनका लागि अह्राउन सक्छ ।

## गृह मामिला निर्देशकद्वारा राखिएको छायाँ प्रति / प्रमाणित गरेको सत्य कागजातको लागिआवेदन

योग्य व्यक्तिहरुले सुरक्षित जम्मा बाकसमा राखिएका इच्छापत्र वा उस्तै सामानहरु वा गृह मामिलाका निर्देशकद्वारा राखिएको सुरक्षित जम्मा बाकसका सूचीको छायाँ प्रति / प्रमाणित गरिएको सत्य प्रतिका लागि निवेदन गर्न सक्छन् । छायाँ प्रति / प्रमाणित सत्य प्रतिको शुल्क भुक्तानी गर्न सकिने किसिमको छ । प्रतिलिपि / प्रमाणित सत्य प्रतिलिपिको शुल्क भुक्तानयोग्य छ।

- इच्छापत्र वा त्यस्तै सामानको छायाँ प्रतिको हकमा आवेदक सम्पति सम्हाल्न अधिकार प्राप्त हुनुपर्छ जो मृतकको सम्पतिको सम्बन्धमा अधिकारको लागि आवेदन दिन इच्छुक हुनुपर्दछ र प्रश्न उठेको आवेदनका लागि इच्छापत्र वा समान अनिवार्य वा सान्दर्भिक हुनेछ ।
- सूचिको छायाँ प्रतिको हकमा आवेदकसँग मृतकको सम्पति प्रति आधिकारिक रुची हुनुपर्छ वा उक्त व्यक्ति मृतकसँग संयुक्तरुपमा सुरक्षित जम्मा बाकस भाडामा लिने जीवित भाडावाल हुनुपर्दछ ।

सुरक्षित जम्मा बाकसमा राखिएका इच्छापत्र वा उस्तै सामानहरु वा गृह मामिलाका निर्देशकद्वारा राखिएको सुरक्षित जम्मा बाकसका सूचीको छायाँ प्रति / प्रमाणित गरिएको सत्य प्रतिका लागि गरिने आवेदनहरू HAEU6A वा HAEU6B क्रमश: भरिनु पर्दछ ।

## फारमहरू

HAEU3, HAEU4A, HAEU4B, HAEU6A र HAEU6B फारमहरूको प्रतिहरू गृह मामिला विभागको सम्पति लाभार्थी सहायता इकाईमा उपलब्ध छन् । (सम्पर्क विवरणको लागि कृपया तल यस खण्डको ***सोधपुछ*** मा हेर्नुहोस् ।) अथवा फारमहरू तलका वेबसाइटबाट डाउनलोड गर्न सकिन्छ : http://www.had.gov.hk/estates ।

## सोधपुछहरू

11 फेब्रुअरी 2006 वा सोपश्चात मृत्यु हुने व्यक्तिको सुरक्षित जम्मा बाकसबाट सामानहरु हटाउनु वा निरीक्षणसम्बन्धी तपाईंसँग कुनै प्रश्न भएमा तपाईंले गृह मामिला विभागको सम्पति लाभार्थी सहायता इकाईमा सम्पर्क गर्न सक्नुहुन्छ –

- ठेगाना : 3 औं तला, साउथर्न सेन्टर, 130, हेन्सी रोड, वान चाई, हङ्कङ
- टेलिफोन: 2835 1535
- फ्याक्स : 2122 9497
- इ–मेल: ebsu@had.gov.hk
- वेबसाइट : http://www.had.gov.hk/estates

| |
|---|
| 11 फेब्रुअरी 2006 भन्दा अगाडि मृत्यु हुने व्यक्तिको सम्पति प्रबन्धका लागि कृपया राजस्व विभागको इस्टेट ड्युटी कार्यालयको 2594 3240 मा सम्पर्क गर्नुहोस् । |

*गृह मामिला विभाग*
*अप्रिल 2007*
सरकारको रसद विभागद्वारा मुद्रित